# श्री विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको
# विधान, २०६५

## प्रस्तावना

सन् २००५ को जनवरी १८ देखि २२ सम्म जापानको ह्योगो प्रिफेक्चरको कोबे सहरमा सुसम्पन्न विपद् व्यवस्थापनसम्बन्धी विश्वशिखर सम्मेलनका उपलब्धीहरू प्राथमिकताका क्रममा उल्लेखित छन् । सन् २००५ को प्रारम्भमा सुसम्पन्न उक्त सम्मेलनमा संयुक्त राष्ट्रसङ्घसँग सम्बद्ध १६८ मुलुकका उच्चस्तरीय नीति निर्णायकहरू, विपद् व्यवस्थापनको कार्यमा आवद्ध सरोकारवालाहरूका साथै न्यूनीकरणको क्षेत्रमा विशेष योगदान पुऱ्याउँदै आएका विभिन्न विधा र क्षेत्रका चार हजारभन्दा बढी सहभागि व्यक्तित्व सबैका तर्फबाट ह्योगो कार्य संरचना, २००५-२०१५ लाई आ-आफ्नो मुलुकमा गम्भीरतापूर्वक लागू गर्ने प्रतिवद्धता पनि व्यक्त भएको थियो । व्यक्त प्रतिवद्धता अनुरुप ह्योगो कार्य संरचना २००५-२०१५ लाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने सन्दर्भमा सहभागी मुलुकहरूका तर्फबाट सराहनीय प्रयासहरू जारी भए तापनि वचनलाई व्यवहारमा उतारी राष्ट्रलाई समुचित ढङ्गबाट सुदृढ तुल्याउने र समुदायलाई सबल गराउने सन्दर्भमा एक रुपता कायम गराउन सकिएमा लक्षित उद्देश्य प्राप्तीमा सहजता आउने सोच राखेर जुन ५-७, २००७ मा जेनेभामा सम्पन्न विश्व कार्यमञ्च (Global Platform) को सम्मेलनले एउटा खाकाको निर्धारण गरेको छ । उक्त शिखर सम्मेलनमा विपद्जन्य मुलुकहरूबाट प्रतिनिधित्व गरेका उच्चतहका नीति निर्णायकहरूका साथै विपद् न्यूनीकरणसम्बन्धी कार्यमा आवद्ध गैरसरकारी संस्था, शिक्षण संस्थाहरू एवं निजी क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको सहमतीले राष्ट्रिय मञ्चको स्थापनालाई विशेष जोड दिएको छ । सो अनुसार नेपालमा पनि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च गठन गर्ने सन्दर्भमा यो विधान राष्ट्रिय निर्देशन ऐन, २०१८ को अधिनमा रही तर्जुमा गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संस्थाको नाम :-

यस संस्थाको नाम विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च रहनेछ । अङ्ग्रेजीमा National Platform on Disaster Risk Riduction रहनेछ । छोटकरीमा नेपालीमा विजोन्यूराम र अङ्ग्रेजीमा **NPDRR** रहनेछ ।

क) संस्थाको कार्यालय रहने ठेगाना :-

यस संस्थाको कार्यालय काठमाडौं जिल्लामा रहनेछ ।

ख) संस्थाको कार्यक्षेत्र :-

यस विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च नामक संस्थाको कार्यक्षेत्र नेपाल राष्ट्रभर हुनेछ ।

ग) प्रारम्भ :-

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्व :-

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, सङ्गठित, स्वशासित, गैर-नाफामूलक, गैर-राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस विधानमा :

क) “विधान” भन्नाले यस संस्थाको विधानलाई सम्झनुपर्छ ।

ख) “संस्था” भन्नाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चलाई जनाउँछ ।

ग) “समिति” भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्यसमितिलाई जनाउँछ ।

घ) “सभा” भन्नाले यस विधानबमोजिम बसेको साधारणसभा र विशेष साधारणसभालाई समेत जनाउँछ ।

ङ) “पदाधिकारी” भन्नाले संस्थाका पदाधिकारीहरूलाई सम्झनुपर्छ ।

च) “नियम, विनियम” भन्नाले यस विधानअन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

छ) “राष्ट्रिय कार्यमञ्च” भन्नाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चमा प्रतिनिधित्व गर्ने सरोकारवालाहरूको यस्तो मञ्चलाई जनाउँछ, जसले विभिन्न तहहरूमा हुने विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यहरूको बहस, पैरवी, समन्वय र विश्लेषण तथा प्राथमिकताका क्षेत्रहरूलगायत अन्य यावत् विषयहरूमा समन्वयात्मक एवं सहभागितामूलक नीति, योजना र कार्यक्रमहरू बनाउनमा सहयोग गर्दै अगाडि बढ्नेछ ।

छ) “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो विधान र यस विधानअन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

झ) “स्थानीय निकाय” भन्नाले गाउँ विकास समिति; महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र जिल्ला विकास समितिलाई जनाउने छ ।

३. संस्थाको छाप र चिन्ह :-

संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह यसअघि दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ ।

## परिच्छेद २

## उद्देश्य

४. संस्थाको उद्देश्य :-

संस्थाको उद्देश्य देहायबमोजिम रहनेछ ।

क) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने सरोकारवालाहरूको यस्तो मञ्च हुनेछ, जसले विभिन्न तहहरूमा हुने विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यहरूको बहस, पैरवी, समन्वय र विश्लेषण लगायत प्राथमिकताका क्षेत्रहरूको सन्दर्भमा सुझाव दिने जस्ता यावत विषयहरूको समन्वयात्मक एवं सहभागितामूलक नीति, योजना र कार्यक्रमहरूलाई मूलधारमा ल्याई अगाडि बढिनेछ ।

ख) देशभित्र गरिने विपद् जोखिम न्यूनीकरणसम्बन्धी समस्त कार्यलाई मूल प्रवाहमा समाहित गरेर सबै सरोकारवालाहरूलाई एउटै थलोमा जम्मा गरी व्यवस्थित रूपमा छलफल गरी साझा अवधारणाको विकास एवं राष्ट्रिय सहमतिको वातावरण बनाउने तर्फ सशक्त रूपमा प्रयास गरिनेछ ।

ग) विपद् न्यूनीकरणसम्बन्धी कार्य जटिल भएकोले यस सम्बन्धमा राजनीतिक प्रतिबद्धता, जनसरोकार, सीप एवं वैज्ञानिक ज्ञान, आम जनताको हितअनुकूलको पूर्व चेतावनीपद्धति र विपद्सँग सम्बन्धित अन्य महत्वपूर्ण विषयहरूमा सरोकार राख्ने सबैबीच भरपर्दो संयन्त्रको विकास गरिनेछ ।

घ) राष्ट्रिय विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरूको कार्यन्वयनमा पथप्रदर्शन एवं सुधारात्मक कार्यहरू गरिनेछ ।

ङ) नागरिक समाज, गैरसरकारी संस्था एवं निजी क्षेत्रका सम्बद्ध संस्थाहरूलाई समेत विपद् न्यूनीकरणका कार्यमा प्रभावकारी रूपले संलग्न गराई उपयुक्त स्तरमा संवाद, छलफललगायतका कार्यहरू सञ्चालन गरिने र अन्यलाई यस्तो कार्य सञ्चालन गर्नमा मद्दत पुऱ्याइनेछ ।

च) मित्र राष्ट्र एवं अन्य अन्तर्राष्ट्रिय निकायहरूका साथै राष्ट्रिय पदाधिकारीहरूसँगको संवाद र साझेदारीमा सहजता ल्याइने छ ।

छ) ज्ञान र सूचनाको साझेदारी एवं प्रविधि हस्तान्तरण तथा स्थानान्तरणमा अभिवृद्धि गर्ने प्रक्रियालाई समायोजन गरिनेछ ।

ज) विपद् जोखिम न्यूनीकरणका साझेदारहरूको अन्तरसम्बन्धबाट राष्ट्रिय, क्षेत्रीय र विश्वका सम्बद्ध निकायहरूको सम्बन्धमा विस्तार गर्ने कार्यमा सघाउ पुऱ्याइनेछ ।

झ) विपद् जोखिम न्यूनीकरणको प्रभावकारी कार्यान्वयनको लागि खाँचो पर्ने व्यवस्थित सहयोगका लागि सम्बद्ध सरोकारवालाहरूको सहभागितामा सबल संयन्त्रको स्थापना गर्नु र समग्रमा विपद्बाट पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यून गर्दै लैजान राष्ट्रलाई सशक्त तुल्याई सर्वसाधारण जनताको मानवीय तथा भौतिक सुरक्षाको प्रत्याभूति सुनिश्चित तुल्याउनेसम्बन्धी कार्य गरिनेछ ।

ञ) यस मञ्चद्वारा राष्ट्रिय कार्य योजनाको माध्यमबाट गरिने ह्योगो कार्य संरचनाको कार्यान्वयनमा अग्रणी र नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ ।

ट) विपद् जोखिम न्यूनीकरण कार्यमा सघाउ पुऱ्याई सुरक्षा र सवलीकरणको सार्वजनिक दायित्वबारे नागरिकहरूबीच चेतना वृद्धि गरिनेछ ।

ठ) विपद् जोखिम न्यूनीकरणको विषयलाई विकाससम्बन्धी नीति, कार्यनीति तथा क्रियाकलापमा समाहित गराउन वकालत र पैरवी गर्नुका साथै यस विषयलाई बहुपक्षीय वातावरणीय सम्झौताको अभिन्न पक्षका रूपमा समावेश गराइनेछ ।

ड) विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय स्तरमा संयोजन गरिने सम्बद्ध सबै कार्यमा सहभागिता जनाइनेछ ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :-

यस संस्थाले उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कार्यहरू गर्नेछ :-

क) संस्थाले प्रचलित नेपाल कानुनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्ने ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्सजस्ता कार्यालय सामान तथा सवारी साधन खरिद् गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका सर्तहरू निर्धारण गर्ने ।

घ) विपद् व्यवस्थापनसम्बन्धी नीति, कानुन तथा कार्यप्रणालीको कार्यान्वयका लागि उच्चनीति निर्माण तह र सम्बद्ध पक्षको सक्रिय सहभागिता हासिल गर्न प्रभावकारी रूपमा सम्बाद, वकालत र पैरवीको अभियान सञ्चालन गर्ने ।

ङ) विपद् जोखिम न्यूनीकरणका लागि आधारभूत सूचना प्रणालीको व्यवस्थापन गर्ने ।

च) विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, रणनीति र विकास कार्यक्रमहरू तर्जुमा गर्न तथा स्रोत परिचालन र क्षमता विकासका प्रयासमा सहभागिता एवं सहयोग गर्ने ।

छ) विपद् जोखिमसम्बन्धी सरोकार र चुनौतीको मूल्याङ्कन विश्लेषण गर्ने, विपद् जोखिम न्यूनीकरणका प्राथमिकताका क्षेत्रहरूको निर्धारण गर्नुका साथै सङ्कटाभिमुख स्थितिमा रहेका मानव-वस्तीसमेतको पहिचान गर्न सघाउने ।

ज) विपद् जोखिम न्यूनीकरणका लागि सञ्चालित विकास योजना र कार्यप्रणालीको समीक्षा गरी सकारात्मक उपलब्धीलाई संस्थागत रूपमा निरन्तरता दिन एकीकृत प्रयत्न गर्ने ।

झ) विपद्ग्रस्त एवं अत्यन्त जोखिमयुक्त क्षेत्रका जनताको जोखिम न्यून गराउन राष्ट्रिय मञ्चको सदस्यहरूबीच सहकारिता र साझेदारी प्रबर्द्धन गर्ने ।

ञ) विपद् जोखिम न्यूनीकरण र यसको उपलब्धीसम्बन्धी शिक्षाप्रद पाठ र अनुशरणीय कार्यको प्रलेख तयार गर्ने र आपसमा आदान प्रदान गर्ने । यसअन्तर्गत मुलुकको शिक्षाप्रणाली र सञ्चार माध्यमबाट प्रवाह गरिने ज्ञान र सूचनामा विपद् जोखिम न्यूनीकरणको विषयलाई व्यवहार परिवर्तनको कार्यसूचीमा समावेश गर्न विशेष प्रयत्न गर्ने ।

ट) विपद् व्यवस्थापनसम्बन्धी आर्जित ज्ञान, सीप र सूचना आदान प्रदान गर्ने र तत्सम्बन्धी प्रविधि हस्तान्तरण गर्न सहज गर्ने ।

ठ) ह्योगो कार्य संरचनालाई राष्ट्रियस्तरमा समन्वयात्मक कार्यान्वयनका लागि कार्यमूलक योजनासहित परिणाममुखी कार्यतालिका बनाई सो को कार्यान्वयन गराउने । यसअन्तर्गत केन्द्रीय तथा समुदायस्तरबाट भएका कार्यहरूको अनुगमन गरी प्रतिवेदन तयार गर्ने र सार्वजनिक गरी अनुपोषण प्राप्त गर्ने । प्राप्त अनुपोषण तथा सुझावलाई सुधारात्मक कार्यको आधारका रूपमा आत्मसात गर्ने ।

ड) राज्यको दिगो विकाससम्बन्धी कार्यसूची र प्राथमिकतामा विपद् व्यवस्थापनको विषयलाइ उपयुक्त उद्देश्यपरक सहभागिताका लागि प्रेरणादायी भूमिका निर्वाह गर्ने । यसअन्तर्गत खासगरी गरिबीनिवारण रणनीति, सहश्राब्दी विकास लक्ष्य, संयुक्त राष्ट्रसङ्घीय सहयोग संरचना, द्विपक्षीय तथा बहुपक्षीय विकास सम्झौता पर्नेछन् ।

ढ) विपद् जोखिम न्यूनीकरणको विषयलाई सबै प्रकारका मानवीय सहायतासम्बन्धी कार्यलगायत विकास-अवधारणा, योजना र कार्यक्रममा एकीकृत गर्ने । त्यसैगरी जलवायु परिवर्तन, जैविक विविधता र मरुभूमीकरणजस्ता महत्वपूर्ण प्राकृतिक वातावरणसम्बन्धी बहुपक्षीय सन्धिसम्झौतामा समेत यस विषयलाई प्राथमिक सरोकारका रूपमा स्थापित गर्न प्रयत्नशील रहने ।

ण) राष्ट्रियस्तरमा विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित दिगो विकास, वातावरण र जलवायु परिवर्तनसम्बन्धी सम्पर्क एकाई, प्राविधक समिति, प्राज्ञिक तथा अनुसन्धान संस्थाजस्ता पक्षसँग समन्वय र सहकार्य संवृद्धि गर्ने ।

त) विपद् जोखिम न्यूनीकरणको कार्यलाई बहुपक्षीय सरोकारका रूपमा स्थापित गरी नागरिक समाज र गैरसरकारी संस्था निजी क्षेत्र एवं सामुदायिक समूहबीच सहकार्य र सम्बादको माध्यमबाट अवसर सृजना गर्ने, उनीहरूको क्षमता अभिबृद्धि गरी बढी योगदान गर्न सक्ने तुल्याउने, सरकारी निकाय तथा संयुक्त राष्ट्रसङ्घीय प्रणालीलगायत अन्य अन्तराष्ट्रिय विकास समुदायसँग समेत सहकार्य र साझेदारीमा कार्य गर्न सक्षम तुल्याउन आवश्यक प्रयास गर्ने ।

थ) विपद् व्यवस्थापनसम्बन्धी बहुआयामिक राष्ट्रिय अनुसन्धान प्रणालीको विकासका लागि प्रयत्न गर्ने । यस अन्तर्गत उपयोगी वैज्ञानिक अवधारणा, विधिगत संरचना र कार्यमूलक दृष्टिकोणका लागि प्रोत्साहन र सहजकार्य गर्ने ।

द) विभिन्न मुलुक सम्मिलित क्षेत्रीय तथा अन्तरर्राष्ट्रियस्तरमा स्थापित मञ्च (Regional and Global Platforms) सँग समन्वय र सम्पर्क गरी सहकार्यका सम्भावना पहिचान गर्ने र सामूहिक प्रयासमा सक्रिय सहभागिता गर्ने ।

## परिच्छेद ३

## सदस्यता

**६. सदस्यहरूको वर्गीकरण :-**

मञ्चमा सदस्यतासम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :-

क) कार्यमञ्चमा तीन प्रकारका सदस्य रहनेछन् :

- संस्थागत सदस्य
- विशेषज्ञ सदस्य
- मानार्थ सदस्य

सुरुमा मञ्चमा संस्थागत सदस्यको मात्र व्यवस्था गरिनेछ र पहिलो साधारणसभाको बैठक पश्चात् आपसी सहमतिमा विशेषज्ञ सदस्यको व्यवस्था गरिनेछ ।

ख) कार्यमञ्चको सदस्यका रूपमा विपद् व्यवस्थापनसम्बन्धी कार्यसँग सम्बन्धित देहायका क्षेत्रबाट आमन्त्रित गरिनेछ :

१. नेपाल सरकारका मन्त्रालय, आयोग, विभाग, केन्द्रीयस्तरका निकाय, सार्वजनिक प्रतिष्ठान,
२. राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था,
३. संयुक्त राष्ट्रसङ्घीय एवं अन्य अन्तर्राष्ट्रिय निकाय,
४. वैज्ञानिक, प्राज्ञिक एंव अनुसन्धान संस्था,
५. आमसंचार जगत,
६. स्थानीय निकाय,
७. सामुदायिक संस्था,
८. औद्योगिक तथा व्यापारिक सङ्घसंस्था

**७. सदस्यता प्राप्तीका लागि आवश्यक योग्यता :-**

यस संस्थाको सदस्यको लागि देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ:-

क) नेपाली नागरिक भएको ।
ख) २५ वर्ष उमेर पूरा गरेको ।
ग) मानसिक सन्तुलन नगुमाएको ।
घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।
च) संस्थागत सदस्य हुनका लागि विपद् व्यवस्थापनसम्बन्धी मुख्य उद्देश्य रही कम्तीमा ३ वर्ष निरन्तर रूपमा कार्य गरेको अनुभव प्राप्त प्रचलित कानुनबमोजिम दर्ता भएको सङ्घसंस्था हुनु पर्नेछ ।
छ) सदस्यले पालन गर्नुपर्ने दायित्व र आचारसंहिता साधारणसभा र/वा कार्यकारी समितिले निर्धारण गरेबमोजम हुनेछ ।

ज)	सदस्यता सम्बन्धी योग्यताका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :-

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क)	गैर नेपाली नागरिक ।
ख)	२५ वर्ष उमेर पुरा नगरेको ।
ग)	मगज विग्रेको वा बौलाएको ।
घ)	सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।
ङ)	नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको ।
च)	सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको देखिएको ।
छ)	साहूको दामासाहीमा परेको ।
ज)	कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।
झ)	संस्थागत सदस्य हुनका लागि विपद् व्यवस्थापन सम्बन्धी मुख्य उद्देश्य भएको संस्थामा कम्तीमा ३ वर्ष निरन्तर रुपमा कार्य नगरेको ।
ञ)	सदस्यले पालन गर्नुपर्ने दायित्व भनी साधारणसभा र/वा कार्यकारी समितिले निर्धारण गरेको आचार संहिता पालन नगरेको ।
ट)	सदस्यतासम्बन्धी तोकिएबमोजिमको अन्य योग्यता नभएको ।

## ९. सदस्यताको समाप्ती

१.	देहायको अवस्थामा कुनै व्यक्ति यस संस्थामा वहाल रहने छैनः
	क)	यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
	ख)	साधारणसभाको ७५ प्रतिशत सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।
	ग)	सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।
	घ)	संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
	ङ)	यस विधानबमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।
	च)	सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।
	छ)	संस्था विघटन भई खारेज भएमा ।

२.	कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहऱ्याउनुभन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाइको सबुद् पेश गर्ने मौका दिइनेछ ।

## १०. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहनसक्ने अवस्था :-

यस विधानको दफा ६ बमोजिम सदस्यहरूले देहायबमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

### १. संस्थागत सदस्य :

क)	यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका सदस्यहरू यस मञ्चका संस्थापक सदस्य हुनेछन् ।
ख)	संस्थागत सदस्य प्राप्त गर्न चाहने संस्थाले प्रवेश शुल्कवापत रु. १,०००/- (एक हजार रुपैयाँ मात्र) र वार्षिक शुल्कवापत रु. १,५००/- (एक हजार पाँच सय रुपैयाँ

मात्र) बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेश गर्नेहरूमध्येबाट कार्यसमितिले संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ ।

ग) उपरोक्त खण्ड (ख) बमोजिम संस्थागत सदस्य बनेको संस्थाले वार्षिक नवीकरण शुल्क रु. १,५००/- (एक हजार पाँचसय मात्र) बुझाउनु पर्नेछ ।

घ) संस्थागत सदस्यता प्राप्त गर्ने संस्थाले प्रत्येक वर्ष असार महिनाको मसान्तभित्र सदस्यता नवीकरण गराइसक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिएबमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सकिनेछ ।

२. विशेषज्ञ सदस्य :

क) विपद् व्यवस्थापनका क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यक्तिलाई कार्यसमितिले तोकिए बमोजिम यस संस्थाको सदस्यता प्रदान गर्न सक्नेछ यससम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३. मानार्थ सदस्य :

विपद् व्यवस्थापनका क्षेत्रमा विशेष योगदान पुऱ्याएका संस्था वा व्यक्तिलाई तोकिएको प्रक्रिया बमोजिम साधारणसभाको निर्णयले मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

४. कुनै आवेदकलाई सदस्यता नदिने भनी निर्णय गरिएमा कार्यसमितिले सो को कारण सहितको जानकारी आवेदकलाई दिनु पर्नेछ ।

५ सबै सदस्यहरूले यस विधान र विधानअन्तर्गत बनेको नियम र विनिमयबमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

६. संस्थाले प्रदान गरेको उपदफा १, २, र ३ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका राख्नेछ ।

## परिच्छेद ४

## साधारणसभा, कार्यसमिति, सचिवालय तथा बैठकसम्बन्धी व्यवस्था

११. साधारणसभाको गठन :-

साधारणसभाको गठन देहाय बमोजिम हुनेछः

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यबाहेक अन्य सदस्यहरू रहेको संस्थाको साधारणसभा गठन हुनेछ । साधारणसभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । साधारणसभाको बैठकमा मानार्थ सदस्यहरू आमन्त्रित हुनेछन् ।

२. यस संस्थाको साधारणसभाको बैठक देहायबमोजिम बस्नेछ ।

क) वार्षिक साधारणसभाः वर्षको एकपटक वार्षिक साधारणसभा बस्नेछ ।

ख) विशेष साधारणसभाः संस्थाको कुल सदस्य सङ्ख्याको १/४ (एक चौथाइ) सदस्यहरूले कारण जनाई विशेष साधारणसभा माग गरेमा कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र सो विषयमा मात्र छलफल गर्नका निमित्त विशेष साधारणसभा अनिवार्य रूपमा बोलाउनु पर्नेछ । तर साधारणसभा वा विशेषसभा बसेको छ महिनाभित्र पुनः विशेष साधारणसभा बस्न सक्नेछैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारणसभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारणसभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिनाभित्र गरिने छ ।

४. यस संस्थाको वार्षिक साधारणसभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै सदस्यहरूलाई अनिवार्य रूपले सूचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारणसभा वा विशेष साधारणसभामा विधानको दफा १८ बमोजिमको गण पूरक सङ्ख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ ( सात) दिनको म्याद दिई पुनः साधारणसभा बोलाइने छ ।

६. साधारणसभा र विशेष साधारणसभाको छुट्टा छुट्टै निर्णय पुस्तिकाहरू राखिने छ ।

१२. साधारणसभाको काम, कर्तव्य र अधिकारः साधारणसभाको काम कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

क) कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखापरीक्षकबाट प्राप्त भएको वार्षिक लेखापरीक्षण-प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरूमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरू असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्यप्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूको पदावधि पुगेको अवस्थामा विधानबमोजिमको प्रक्रियाअन्तर्गत रही सो पदको लागि निर्वाचन गर्ने ।

च) कार्यसमितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनिमय स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्यसमितिबाट संस्थाको हित अनुकूल भएका काम-कारवाहीहरूको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

१३. समितिको गठनः

१. मञ्चको कार्यकारी संयन्त्रका रूपमा साधारणसभाका सदस्यमध्येबाट बढीमा १५ जनाको एउटा कार्यसमिति रहनेछ । यस कार्यसमितिमा सुरुको २ (दुई) वर्षका लागि नेपाल सरकार, गृह मन्त्रालयका सचिवको अध्यक्षतामा निम्नानुसार पदाधिकारी एवं सदस्यहरू आपसी सहमतिमा चयन गरिनेछन् ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरू | ११ |

२. उदफा (१) बमोजिमको कार्यसमितिको समयावधिपछि यस समितिका सबै पदहरूमा मञ्चका सदस्यहरूमध्येबाट निर्वाचनको माध्यमबाट पदाधिकारी एवं सदस्य नियुक्त हुनेछन् ।
३. कार्यसमितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।
४. वार्षिक साधारणसभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सो पदमा कार्यसमितिद्वारा नै मनोनयन गर्न सकिनेछ । यसरी मनोनित हुने व्यक्तिले सो पदमा निर्वाचन भएको पदाधिकारी वा सदस्यको कार्यकालको बाँकी अवधिसम्म मात्र कार्य गर्न पाउनेछन् ।
५. कार्यसमितिको बैठक आवश्यकताअनुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरूको जम्मा सङ्ख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।
६. कार्यसमितिका पदाधिकारीहरूको कूल सङ्ख्याको ५१ प्रतिशत पदाधिकारीहरू उपस्थित नभई कार्यसमितिको बैठक बस्ने छैन ।
७. कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरूले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।
८. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।
९. कार्यसमितिको बैठकमा छलफल भएको विषयहरूको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्नेछ तर निर्णयमा असहमती जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्नेछ ।
१०. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।
११. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारी एवं सदस्यहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिने छ ।

<u>१४. कार्यसमितिको काम, कर्तव्य र अधिकार:</u> कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१. कार्यसमितिले विपद् न्यूनीकरण एवं व्यवस्थासम्बन्धी रणनीतिक र प्रबर्द्धनकारी भूमिका निर्वाह गर्ने ।
२. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारणसभामा प्रस्तुत गर्ने ।
३. विधानबमोजिमको व्यवस्था पालना गरी साधारणसभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।
४. संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।
५. साधारणसभाप्रति उत्तरदायी रहने ।
६. संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।
७. संस्थाको कार्यसम्पादन गर्न कार्ययोजना बनाउने, स्रोत जुटाउने, कार्यन्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

८. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र ब्याङ्क खाता खोली सञ्चालन गर्ने ।
९. संस्थाको कर्मचारीहरूको सेवाका शर्त र सुविधासम्बन्धी कर्मचारी नियमावली बनाई साधारणसभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।
१०. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्यअवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति वा अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाड गरिदिने ।
११. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. सचिवालय : राष्ट्रिय मञ्चको सम्पर्क एकाई एवं व्यवस्थापकीय निकायका रूपमा मञ्चसँग आबद्ध सक्षम निकायलाई सचिवालयका रूपमा कार्य गर्ने गरी जिम्मेवारी प्रदान गरिनेछ । सचिवालय छनौट एवं अन्य व्यवस्था कार्यसमितिले गर्नेछ ।

१६. पद त्याग गर्न सक्ने: अध्यक्षले उपाध्यक्षमार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

१७. अन्य समितिहरू:
१. यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्यसमितिले आवश्यकताअनुसार अन्य समिति वा उप-समितिहरू गठन गर्न सक्नेछ ।
२. कार्यसमितिलाई विशेषज्ञ सल्लाह प्रदान गर्नका लागि सल्लाहकारहरूको एक समूह रहनेछ र यस समूहमा सम्बन्धित क्षेत्रका विज्ञलाई कार्यसमितिको निर्णयबमोजिम मनोनयन गरिनेछ ।
३. साधारणसभा र कार्यसमितिको कार्यसम्पादनमा सहयोग प्रदान गर्नका लागि आवश्कताअनुसार विभिन्न विषयगत प्राविधिक समिति र उपसिमिति रहनेछन् ।
४. ती समितिहरूको कार्यहरू कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद प्रतिशत

## पदाधिकारीहरूको काम कर्तव्य र अधिकार

१८. काम कर्तव्य र अधिकार :- कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :- यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरूबाट संस्थाको साधारणसभा गठन हुने छ । मानार्थ सदस्यहरू आमन्त्रित हुनेछन् । साधारणसभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

१. अध्यक्षको काम, कर्तव्य र अधिकार
क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।
ख) निर्णायक मत दिने ।
ग) संस्थाको नेतृत्व लिने ।
घ) आवश्यकताअनुसार बैठकहरू बोलाउन सचिवलाई निर्देशन दिने ।
ङ) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

२. उपाध्यक्षको काम, कर्तव्य अधिकार :

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

३. सचिवको काम, कर्तव्य र अधिकार

क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

ख) अध्यक्षको निर्देशनअनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख) साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेस गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमित रूपमा वार्षिक लेखापरीक्षण गराउने ।

५. सदस्यहरूको काम, कर्तव्य र अधिकार

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

१९. गणपूरक सङ्ख्या :-

१) कूल सदस्य सङ्ख्याको ५१ (एकाउन्न) प्रतिशत साधारण सदस्यहरूको उपस्थिति नभई साधारणसभाको काम कारवाही हुनेछैन ।

२. तर विधानको दफा ११ को (प्रतिशत) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारणसभामा भने गणपूरक सङ्ख्याको आवश्यकता पर्नेछैन ।

## परिच्छेद ६

## आर्थिक व्यवस्था

२०. संस्थाको कोष :-

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिमको प्राप्त रकमहरू जम्मा हुनेछन् :

क) सदस्यतावापत प्राप्त शुल्कको रकम ।

ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायतावापत प्राप्त रकम ।

ग) संस्थाको चल-अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

घ) नेपाल सरकारबाट प्राप्त अनुदान सहयोग ।

ङ) विदेशी संस्था, व्यक्ति वा अर्न्तराष्ट्रिय सङ्घ-संस्थाबाट सहयोगवापत प्राप्त रकम ।

च) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोगवापत प्राप्त रकम ।

छ) संस्थाले उद्देश्यानुरुप कार्य गरी आर्जन गरेको रकम ।

२. विदेशी सङ्घ-संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले प्रचलित कानुनबमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

३. संस्थामा प्राप्त रकम स्थानीय ब्याङ्क वा वित्तीय संस्थामा जम्मा गरी तोकिएअनुरुप खाता सञ्चालन गरिने छ ।

२१. खाता सञ्चालन :- संस्थाको ब्याङ्क खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियमअनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२२. कोषको रकम खर्च गर्ने तरिका :- संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहायबमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारणसभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

२३. संस्थाको लेखा र लेखापरीक्षण :-

१. संस्थाको आय-व्ययको लेखा प्रचलित कानुनबमोजिम स्पष्ट तवरले राखिने छ ।

२. संस्थाको लेखापरीक्षण प्रचलित कानुनबमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफैं वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

४. लेखापरीक्षकको नियुक्ति साधारणसभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारणसभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

५. संस्थाको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जिविस, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधनसम्बन्धी व्यवस्था

२४. निर्वाचनसम्बन्धी व्यवस्था :-

१. कार्यसमितिको निर्वाचन प्रयोजनको लागि बढीमा प्रतिशत जनाको एक निर्वाचन समिति कार्यसमितिको सहमतिद्वारा गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

३. निर्वाचनसम्बन्धी विवाद् उत्पन्न भएमा विवादको टुङ्गो लगाउन निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।
४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

२५. उम्मेदवार हुने योग्यता :- कार्यसमितिको उम्मेदवार हुन विपद्का क्षेत्रमा कार्यरत देहायबमोजिमको संस्थाहरू योग्य हुनेछन् :-

१. नेपाल सरकारका मन्त्रालय, आयोग, विभाग, केन्द्रीयस्तरका निकाय, सार्वजनिक प्रतिष्ठान
२. राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था
३. संयुक्त राष्ट्रसङ्घीय एवं अन्य अन्तर्राष्ट्रिय निकाय
४. वैज्ञानिक, प्राज्ञिक एंव अनुसन्धान संस्था
५. आमसञ्चार जगत
६. स्थानीय निकाय
७. सामुदायिक संस्था
८. औद्योगिक तथा व्यापारिक सङ्घसंस्था

२६. अविश्वासको प्रस्ताव :-

१. अविश्वासको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारी वा सदस्यको विरुद्धमा हो स्पष्ट खुलाई देहायबमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ :-
  क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनपर्छ ।
  ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।
  ग) साधारणसभा सदस्यहरूमध्येबाट कम्तीमा १/४ (एक चौथाइ) सदस्यहरूको प्रष्ट नाम थर र ठेगाना सहित खुलाइएको हुनुपर्छ ।
२. उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारणसभा वा विशेष साधारणसभा बस्ने स्थान, मिति, समयसमेत तोकी संस्थाको साधारणसभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११ (४) बमोजिम साधारणसभा वा विशेष साधारणसभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :-

  क) साधारणसभामा अध्यक्षता गर्ने व्यक्तिले साधारणसभामा उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये एक जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारणसहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।
  ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहने सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।
  ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारी वा सदस्यहरू विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारी वा सदस्यहरूलाई आफ्नो सफाइ पेश गर्ने मौकाको लागि आफ्नो भनाइ राख्न अनुमति दिनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णयः

अविश्वासको प्रस्तावउपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ :-

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर, वा

ख) साधारणसभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

ग) साधारणसभाको कुल सदस्य सङ्ख्याको २/३ (दुई तिहाइ) बहुमतको अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पदमुक्त हुनेछन् ।

(घ) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्तिउपर पुनः अविस्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२७. विधान संशोधन :- उपस्थित सदस्य सङ्ख्याको २/३ (दुई तिहाइ) साधारणसभा सदस्यहरूले अनुमोदन गरेपश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि नेपाल सरकार समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । नेपाल सरकारबाट स्वीकृत भएपश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२८. नियम बनाउन सक्ने :-

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारणसभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधानअर्न्तगत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासनसम्बन्धी विनिमय बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनिमयहरू साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२९. कर्मचारीको व्यवस्था :-

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयमसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यतासमेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइने छ ।

३०. संस्था खारेजी :-

१. साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एकभन्दा बढी लेखापरीक्षकहरू नियुक्त गर्न सक्नेछ ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकहरूको पारिश्रमिक साधारणसभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणबस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३१. व्याख्या :- यो विधान र विधानअन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३२. गोप्यता भङ्ग गर्न नहुने :- यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्यसमितिका पदाधिकारी, सदस्य वा साधारणसभाका सदस्यहरूले बैठक वा साधारणसभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाइने छैन ।

३३. ऐनअनुसार हुने :- यस विधानमा उल्लेख नभएका कुराहरू कानुनबमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम, र प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

३४. निर्देशनको पालना :- नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३५. तदर्थ समिति :-

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारणसभा बोलाई विधानअनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।
२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरू यसै विधान सरह भएको मानिने छ ।

३६. हामी ……………… का निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौ ।

| संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर, बतन र सहिछाप |
|---|---|
| १. नाम थर : डा. गोविन्द कुसुम, सचिव, गृह मन्त्रालय<br>ठेगाना : …………… जिल्ला : ……………<br>नगरपालिका ……………………………………<br>गा.वि.स. वार्ड नं ………… ब्लक नं. …… | १. नाम थर : ……………………………………<br>ठेगाना : …………… जिल्ला : ……………<br>नगरपालिका : ……………………………………<br>गा.वि.स. वार्ड नं ……… ब्लक नं. …… |
| २. नाम थर : बद्री खनाल, अध्यक्ष, प्रकोप पूर्वतयारी सञ्जाल-नेपाल<br>ठेगाना : …………… जिल्ला : ……………<br>नगरपालिका ……………………………………<br>गा.वि.स. वार्ड नं ………… ब्लक नं. …… | २. नाम थर : ……………………………………<br>ठेगाना : …………… जिल्ला : ……………<br>नगरपालिका : ……………………………………<br>गा.वि.स. वार्ड नं ……… ब्लक नं. …… |
| ३. नाम थर : शङ्करप्रसाद कोइराला, सहसचिव, गृह मन्त्रालय<br>ठेगाना : …………… जिल्ला : ……………<br>नगरपालिका ……………………………………<br>गा.वि.स. वार्ड नं ………… ब्लक नं. …… | ३. नाम थर : ……………………………………<br>ठेगाना : …………… जिल्ला : ……………<br>नगरपालिका : ……………………………………<br>गा.वि.स. वार्ड नं ……… ब्लक नं. …… |


| | |
|---|---|
| ४. नाम थर : आमोदमणी दीक्षित, भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | ४. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : ....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| ५. नाम थर : शुरेस प्रकाश आचार्य, सहसचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | ५. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : ....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| ६. नाम थर : थीरबहादुर जी. सी., उपसचिव, गृह मन्त्रालय<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | ६. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : ....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| ७. नाम थर : उत्तम रुपाखेती, प्रतिनिधि, नेपाली सेना<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | ७. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : ....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| ८. नाम थर : ओम शङ्कर मुल्मी, प्रतिनिधि, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम नेपाल<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | ८. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : ....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| ९. नाम थर : दीपेन्द्र पुरुष ढकाल, नागरिक समाज तथा नेपाल विपद् व्यवस्थापन केन्द्र<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | ९. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : ....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| १०. नाम थर : प्रा. डा. जीवराज पोखरेल, श्री इन्जिनीयरिङ् अध्ययन संस्थान, त्रिवि<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका ....................................... | १०. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : ....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |

| | |
|---|---|
| गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | |
| ११. नाम थर : विदुर मैनाली, प्रतिनिधि, नेपाल नगरपालिका सङ्घ<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | ११. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : .....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| १२. नाम थर : विष्णुप्रसाद खरेल, प्रतिनिधि, अक्सफाम जीबी नेपाल<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | १२. नाम थर : ..उषा प्रधान......<br>ठेगाना : .बटुकभैरव टोल.... जिल्ला : ललितपुर..<br>नगरपालिका : ...ललितपुर.........<br>वार्ड नं ...६... ब्लक नं. ....४५७. |
| १३. नाम थर : श्याम सुन्दर ज्ञवाली, प्रतिनिधि, एक्सनएड नेपाल<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | १३. नाम थर : ....सम्झना घिमिरे..<br>ठेगाना : ...काठमाडौं.. जिल्ला : ..काठमाडौं.<br>नगरपालिका : .काठमाडौं................<br>वार्ड नं ..१... ब्लक नं. ..२८६.. |
| १४. नाम थर : कुमार के. सी., प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | १४. नाम थर : .........................................<br>ठेगाना : ............... जिल्ला : ...............<br>नगरपालिका : .....................................<br>गा.वि.स. वार्ड नं ........... ब्लक नं. ........ |
| १५. नाम थर : रामचन्द्र न्यौपाने, प्रतिनिधि इको-नेपाल / पर्यावरण मासिक<br>ठेगाना : ................ जिल्ला : ...............<br>नगरपालिका .......................................<br>गा.वि.स. वार्ड नं ............ ब्लक नं. ........ | १५. नाम थर : शारदा बश्याल<br>ठेगाना : काठमाडौं-१ जिल्ला : काठमाडौं<br>नगरपालिका : ...का. म. न. पा.<br>वार्ड नं ..१... ब्लक नं. .२८६ |

<u>अनुसूचि - १</u>

संस्थाको छाप र चिन्हको विवरण

संस्थाको छाप र चिन्हको विवरण आकार, प्रकार एवं अन्य विवरणहरूको सम्बन्धमा उल्लेख गर्ने



## श्री विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमंचको
### समिति (तदर्थ)

| क्र.सं. | पदाधिकारी | निकाय | नाम थर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | सचिव, गृह मन्त्रालय, सिंहदरवार । | डा.गोविन्दप्रसाद कुसुम | |
| २ | उपाध्यक्ष | अध्यक्ष वा संस्थाको प्रतिनिधि, डिपिनेट नेपाल, काठमाण्डौ | श्री बद्री खनाल | |
| ३ | सचिव | सह-सचिव, गृह मन्त्रालय (यो.तथा विशेष सेवा महाशाखा) | श्री शंकरप्रसाद कोइराला | |
| ४ | कोषाध्यक्ष | कार्यकारी निर्देश वा संस्थाको प्रतिनिध, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल, काठमाण्डौ । | श्री आमोदमणि दीक्षित | |
| ५ | सदस्य | सह-सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | श्री सुरेशप्रकाश आचार्य | |
| ६ | सदस्य | उप-सचिव, गृह मन्त्रालय, दैवी प्रकोप व्यवस्थापन शाखा | श्री थिरबहादुर जी.सी. | |
| ७ | सदस्य | प्रतिनिधि, नेपाली सेना | श्री उत्तम रुपाखेती | |
| ८ | सदस्य | प्रतिनिधि, यु.एन.डी.पी., नेपाल | श्री ओमशंकर मुल्मी | |
| ९ | सदस्य | प्रतिनिधि, नागरिक समाज र नेपाल विपद् व्यवस्थापन केन्द्र | श्री दीपेन्द्रपुरुष ढकाल | |
| १० | सदस्य | प्रतिनिधि, श्री इन्जिनियरिंग अध्ययन संस्थान, त्रि.वि. | डा. जीवराज पोखरेल | |
| ११ | सदस्य | प्रतिनिधि, नेपाल नगरपालिका सङ्घ | श्री विदुर प्र. मैनाली | |
| १२ | सदस्य | प्रतिनिधि, अक्सफाम नेपाल, काठमाण्डौ | श्री विष्णु प्र. खरेल | |
| १३ | सदस्य | प्रतिनिधि, एक्सन एड नेपाल, काठमाण्डौ | श्यामसुन्दर ज्ञवाली | |
| १४ | सदस्य | प्रतिनिधि, श्री नेपाल रेडक्रस, काठमाण्डौ | श्री कृष्णकुमार के.सी. | |
| १५ | सदस्य | प्रतिनिधि, इको-नेपाल/पर्यावरण मासिक, काठमाण्डौ | श्री रामचन्द्र न्यौपाने | |